
सन्तोषका कविताहरु



Download PDF Copy
https://santoshtandukar.com.np/

सन्तोषका कविताहरु

१. म मन्दिर जान्छु..... 1
२. मिठो स्वप्न भेट..... 2
३. सलबलाएका प्रश्न चिन्हहरू..... 3
४. तिम्रो पुस्तालाई सलाम गर्नु छ..... 4
५. भीडमा एक्लो उभिए झैँ भएछ..... 5
६. कमजोरी कि महानता..... 6
७. वर्तमान..... 7
८. मेरो नेता मेरो चिन्ता..... 8
९. एक चोटि हाँस्यौ भने..... 9
१०. सत्य सधैं अन्तिम हुन्छ..... 10
११. फूलेका फूल नै फूल हो..... 11
१२. कर्म दोहोर्याउने पनि कमी छैन्..... 11
१३. जीवन..... 12
१४. नाङ्गो नाच..... 12
१५. हृदयको एउटा कुनामा..... 13
१६. सबको तन मनमा तिमी..... 13
१७. एक सान्दार अभिनेता..... 14
१८. म लेख्छु मेरा शब्दहरु..... 15
१९. जीवन हारेर हैन लडेर जिउछु म..... 15
२०. तिमीमा पनि छ, ममा पनि छ..... 16
२१. निन्द्रा..... 16
२२. वास्तविकता..... 17
२३. चित्र र पाठक..... 17
२४. अन्धोको पनि आँखा..... 18
२५. रणभूमि र शान्ति..... 18
२६. युग बदलिन्छ..... 18
२७. परिवर्तन हेर्न शहर हैन, गाउँ जाउँ तिमी..... 19
२८. म जीवन जिउँदै छु..... 20
२९. मैले पढेका किताबहरू..... 21
३०. म मौन छु केवल, अचेत होइन..... 22
३१. एक सिक्काका, दुई पाटा..... 23
३२. अविरल म..... 24
३३. एक्लो यात्री र जनमतको मञ्च..... 25
३४. एउटा लेखापाल..... 26
३५. सपनाको मनोरम यात्रा..... 27
३६. जीवनको शाश्वत सत्य..... 28
३७. पराजयको प्रार्थना..... 29
३८. जन्मदिनको शुभकामना तिमीलाई..... 30
३९. नेता जित्छन्, जनता हार्छन्..... 31
४०. अस्तित्वको परिभाषा..... 32
४१. आवरण..... 33

४२. दुई कप कफी.....34
४३. सडकदेखि सम्मानसम्म..... 35
४४. परिवर्तनको छाँयामा.....36



१. म मन्दिर जान्छु

म मन्दिर जान्छु
त्यहाँ ठूलो भीड देख्दछु
एकटक भई हेर्दछु
भीड मानिसहरूको

पूजा अर्चना गर्नेहरूको लाम
दर्शन गर्नेहरूको हूल
रङ्गीचङ्गी फूलमाला अभिर केशरी
सुगन्धित धूप बत्ती सजावट

एक पछि अर्को घण्टी बज्दा
त्यसको ध्वनि तरङ्गमा
म आफू ॐ को
ब्रह्माण्डमा हराउँछु

भीड मानिसहरूको

व्यापार गर्नेहरुको
भीक मागी गुजरा चलाउनेहरुको
आशन लिई कार्य गर्नेहरूको
मौका पर्खि रहेका पाकेटमारहरुको

देवता खोज्दै छन् सब यहाँ
भिन्न भिन्न छ तरिका
कोही मन्दिर भित्र
कोही मन्दिर बाहिर

कोही कसैले भेटे भेटेनन्
थाहा छैन
मैले के भेटे पत्तो पाइन्
म मन्दिर जान्छु

त्यहाँ ठूलो भीड देख्दछु ।

२०८२

२. मिठो स्वप्न भेट

कहीं कतै स्वप्नमा भेट भएछ भने
एक छिन मेरो सामुन्ने शान्त उभिदिनु
म एकटक हेरी रहनेछु सुन्दर ती नयनहरु
तिमी आफ्ना सबै पिडाहरु भावमा निकाली दिनु।

नडराउनु भेट हाम्रो स्वप्नमा हो
निर्दयी संसार हुने छैन विपनामा जस्तो
खुलेर राखौं हाम्रा कथा र व्यथाहरु
कहिले सुने जस्तो कहिले सुनाए जस्तो।

रातको एकान्तमा तिता मिठा ती यादहरु
नभनिएका पलहरु भन्दै हामी बसौंला
जति हामी हामीमा परिचित थियौं
अझ बढी एक अर्कालाई बुझ्ने प्रयास गरौंला।

सही गलत को किन पो छुट्याउने
जे चोखो र सत्य हुन्छ त्यसमा प्रमाण किन र
हर मिलन प्रेम हो्इन आत्मा छन् यहाँ साक्षी
यो स्वप्नमा अब ईन्साफ र न्यायालय नै किन र।

यो रात अनि निदाई रहेको संसार
दिनभरको थकानमा निदाई रहेका हामी पनि
दिनको उज्यालोमा हराएका सम्बन्धहरु
मिठो स्वप्न भेटमा खुल्दै गरेका हामी पनि।

मिठो स्वप्न भेटमा खुल्दै गरेका हामी पनि।

२०८२

३. सलबलाएका प्रश्न चिन्हहरू

नयाँ कथा लेखिँदै छ
हरेक क्षण एउटा अध्याय सुरु हुँदै छ
पूर्ण विरामले बाटो बिराएको छ
प्रश्न चिन्ह जतातै सलबलाएको छ।

कतै गाडी त्यही पुरानो मार्ग हुँदै
त्यही पुरानो गन्तव्यमा पुग्ने होकी
त्यही परम्परागत व्यञ्जन घर गाँउमा पाक्दै
नयाँ थालीमा चट्ट पस्कने पो होकी।

खोजिएका दानाहरु मालामा समेट्नु है
भोली गलामा सुहाउनु पनि छ
शिरलाई ठाडो बनाई हिँड्नु है

ईतिहासको गरिमा पनि बचाउनु छ।

२०८२

४. तिम्रो पुस्तालाई सलाम गर्नु छ

सलाम छ तिम्रो पुस्तालाई
क्षणभरमै फाली दियौ फोहरी पुस्तालाई
सम्झने छन् हर पुस्ताले सपुतका बलिदानलाई
इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ तिम्रो देश प्रेमलाई

अवस्था व्यवस्था सब परिवर्तन भयो
आशाका नयाँ किरणहरुको उदय भयो
गुम्सिएका सब विद्रोहको विष्फोट भयो
एउटा नवीनतम विहानीको संघारमा देश उभियो

तर पनि,

ईतिहास बोकेको जनताको सम्पत्ति जल्यो
घटनाक्रम र प्रमाणका जस्ताबेज मासियो
खेलमैदानमा घुसपैठ अवसरवादीले हारेर जिते झैं भयो
गौरवशाली यो पुस्ता जितेर हारे झैं भयो

हो,

ईतिहास यसरी नै लेखिने हो
सकिएरै फेरी नव शुरुआत हुने हो
फटाहा नभएको समाज कहाँ हुन्छ र
जितमा पनि हाँस्न नसकेको मन कहाँ हुन्छ र

अब,

आवाज सँगै जिम्मेवारी पनि थपिएको छ
जितसँगै सपनालाई साकार बनाउनु पनि छ
हातेमालो गरी नेपाली एकजुट भएर हिँड्नु पनि छ
फेरी एक चोटी तिम्रो पुस्तालाई गर्वले सलाम गर्नु नै छ ।

२०८२

५. भीडमा एक्लो उभिए झैं भएछ

सुख खोजी हिँड्दा खुसी कतै छुटेछ
सम्बन्धहरु छुटेछन्
हिँड्ने बाटो पनि छुटेछ
विश्वास कतै हराएछ

आत्मसम्मान मैलिएछ
त्यो भीडमा पनि
म एक्लो उभिए झैं भएछ।

अरूलाई बुझ्दै गर्दा 'म' कतै हराएछ
स्वार्थ चुलिन थालेछ
घमण्ड आकशिन पुगेछ
समझ कतै हराएछ
एक्लोपन मडारिएछ

त्यो भीडमा पनि
म एक्लो उभिए झैं भएछ।।

६. कमजोरी कि महानता

यहाँ अरूले होइन, आफ्नैले सुनाउँछन्,
सुन्नु कि नसुन्नु, मेरो इच्छा,
लिनु कि नलिनु, मेरो निर्णय,
भन्नु कि नभन्नु, मेरो कमजोरी कि महानता।

मेरो कथाको पात्र म आफैं,

विवस्था र अवस्था सँगै हुर्किएको,
सत्य मसँगै थियो,
तर तिमीले आवरण मात्र देख्यौ,
भन्नु कि नभन्नु, मेरो कमजोरी कि महानता।

मिठो कि नमिठो, दुई शब्दले के फरक पर्छ र?
नमिठा शब्दले मलाई टसमस पार्दैन,
तर तिनले तिम्रो चरित्रको चित्र कोर्छ,
भन्नु कि नभन्नु, मेरो कमजोरी कि महानता।

जीवनको रंगमञ्चमा सबै पात्र हुन्,
तर संवाद आफ्नै शैलीमा बोल्छु म,
ताली कि गाली, दुवैको मोह छैन,
म त मेरो सत्यको मार्ग हिँड्छु,

भन्नु कि नभन्नु, मेरो कमजोरी कि महानता।

परिस्थिति मेरो परीक्षा लिन्छ,
समयले मेरो सहनशीलता नाप्छ,
म दु:खमा झुकेन, सुखमा उफ्रेन्,
मेरो अस्तित्व मेरो आत्मसम्मानमा छ,

भन्नु कि नभन्नु, मेरो कमजोरी कि महानता।

तिमीले नियाल्यौ भने देख्यौला,
म आफ्नो पथ आफैं कोर्छु,
कहिले हाँसोमा लुक्छु, कहिले आँशुमा बग्छु,
तर म हराउँदिन आफ्नै पहिचानमा,

भन्नु कि नभन्नु, मेरो कमजोरी कि महानता।

७. वर्तमान

जुरूक्क उठी हिँड्यो साथी जागिर खानलाई
महिना मरे तलब ल्याउँछ घर खर्च टार्नलाई
खर्चैर घण्टौं बेचेर शिप सबैलाई रिजाउँछ
थाकेर साँझ घरमा फर्की लुपुक्क निदाउँछ

बजार जान्छ थोर बहुत अन्न तरकारी ल्याउँदछ
घर आई गोजी छामेर भन्छ महँगीले रित्याउँछ
दुई गाँस काटी रहर मारि दुई पैसा बचाउँछ
कोही बिमार परे ऋण काटी उपचार गराउँछ

महँगो छ शिक्षा काँहा लागि पढाऊन सन्तान तिनलाई
सकेको गर्छ एकसरो लगाई राम्रो स्कूल हाल्नलाई
बुझ्दैन सरकार न्यूनतम ज्याला बजारको महँगाई
भोटका बजार सम्झेर आफ्लाई के गर्नु रोई कराई

बनेको छ व्यापार शिक्षा र स्वास्थ्य मनग्य आम्दानी
मरेका छन् जनता मारमा यहाँ बस्छ सरकार नसुनी
सकेन निष्टा बोकेर छातीमा हिँड्न भ्रष्ट यो बजारमा
बोकेन झोला झण्डा दलका कहिल्यै झुटो यो शहरमा

जीवनको टुड्गो छैन् यिनको जागिर को के भर
हिँड्यो है साथी जिम्मेवार बन्न समुन्द्र पारी देशको के भर।

२०८१

८. मेरो नेता मेरो चिन्ता

म चुकुल लगाएर भित्र, देश विकासको सपना देखिरहे
नेता कार्यकर्ता बाजा बजाएर, बाहिर चुनावमा सपना बाडिरहे

ढोका खोली अघि बढे, कोही मेरो सपना बोकी दैलोमा आएछ
चेतना एक ठाउँ थियो विश्वास अन्तै, एक मत मेरो पनि भएछ

जनताको मतले सपना, मेरो नेता कर्म थलोमा पुगेछ
त्यहीँ कर्म थलोमा, मेरो नेता विचौलियाको अपहरणमा परेछ

हेर्दा हेर्दै मेरो नेतालाई, राजनीति एक पेशा भएछ
व्यापारी र स्वार्थ समुहको, ठूलो दलाली भएछ

म मेरो पुस्ता भावी पुस्ता, भनी सोचिरहे कराईरहे
मेरो नेता कुर्सीको खेलमा सत्ताको बागडोरमा भुलिरहे

मैले चिन्ता गर्न छाडिन्, मेरो नेताले घात गर्न छोडेन
मैले परिवर्तनको लागि चिच्चाईरहे, मेरो नेताले दबाउन छाडेन

चेत छ मेरो नेतामा जनता केन्द्र, व्यवस्था अस्थायी भनेर
डर छ कतै अख्तियार लाग्छ, पतन हुन्छ कि भनेर

म चुकुल लगाएर भित्र, देश विकासको सपना देखिरहे
म निद्रामै देश विकास भएकोमा रमाई रहे, रमाई रहे।

२०८१

९. एक चोटि हाँस्यौ भने

मेरा शब्दहरुमा, संगीत भरी गाइदिनु
मेरा व्यथाहरुमा, याद भरी लेखिदिनु।

तिमी रहने संसार, रमणीय भइदियोस्
तिम्रा कथाहरू, प्रेम र मिलनले लेखियोस् ।

म कतै तिम्रो गीत सुनी रहुँला
लेखिएका कथाहरूमा हराई रहुँला ।

फेरी पनि कँही म भेटिए भने
चिने झैं एक चोटि हाँस्यौ भने।

म यत्तिकै पनि रमाइदिन्छु
हाँसी खुशी बाँकी जीवन बिताईदिन्छु।

१०. सत्य सधैं अन्तिम हुन्छ

त्यो भीड
अन्धो र बहिरो,
सत्यलाई अन्धकारमा हराउँछ।

तर खोज त गर,
सत्य हराएको मात्र हो,
किनकि सत्य सधैं अन्तिम हुन्छ।

हाम्रो माझ

भीड र इतिहासमा बस्छ,
न त बङ्ग्याउन मिल्छ, न मेटाउन सकिन्छ,
सत्य सधैं अन्तिम हुन्छ।

शक्ति र सत्ता
अस्थायी हुन्,
कहिले यसको, कहिले उसको।

तर सत्य न त थिचिन्छ,
न दबिन्छ, न तर्सिन्छ,
सत्य सधैं अन्तिम हुन्छ।

जीवन रहला,
न रहला,
लडाइँ भने जारी रहन्छ।

जित हार
जसको भए पनि,
सत्य सधैं अन्तिम हुन्छ।

११. फूलेका फूल नै फूल हो

जन्म जे होस्, जीवन र मृत्यु अर्थपूर्ण हुनुपर्छ
काहानी जे होस्, सम्बन्ध र बोली फूल झैं सुमधुर हुनुपर्छ।

यतिकै फूलिदिन्छ, थाहा छैन भोलि कहाँ चढ्छ सजिन्छ
सुख दुःख जीवनका हर गोरेटोमा, प्रेमको सुगन्ध छरिदिन्छ।

वन पाखा नाली गमला, बगैंचा झुपडी महल माटो चट्टान भन्दैन
राजा रैती, धनी गरिब, धर्म जात वर्ग केही भेदभाव यसले राख्दैन।

न मात्नु न नास्नु, रङ्गीन कोमल भै जीवन सजिरहोस्
फूलेका फूल नै फूल हो ओइली झरे पनि माटोमा मिलीजाओस्।

१२. कर्म दोहोर्याउने पनि कमी छैन्

शासन गर्नेहरु, शासित हुन् मन पराउँदैनन्
साम दाम दण्ड, हर हालतमा शक्ति बाहिर हुँदैनन्।

शक्ति र सत्ताको नशा कुलत हो, एकदिन नासिन्छनन्
आफू त सकिन्छन्, देश व्यवस्था सकाउँछनन्।

नेता जनताले बनाउने हो, होईन झोला बोक्नेहरुले
सरकार र व्यवस्था जनताले रोज्ने हो, होइन समीकरणले।

किन्नेहरु मात्र होईन, विक्नेहरु पनि दोषी छन् यहाँ
साँवा सहितको नाफा, राजनीति व्यवसाय गर्छन यहाँ ।

मिठा मिठा सपनामा रमाउने जनता, बाड्नेको कमी छैन्
हर चुनावमा फेरि त्यही कर्म दोहोर्याउने पनि कमी छैन् ।।

१३. जीवन

आमाको कोखबाट सुरू हुने जीवन
अन्त्यमा धर्तीमा विलीन हुने जीवन
मलाई किन आगो झैं पोल्दछ?

चार दिनको त हो भन्छन् जीवन
मोडै मोडहरुले घेरिएको जीवन
मलाई किन अल्मलिएको झैं लाग्दछ?

सुख अनि दुःखको चक्रसरी जीवन
संघर्षले भरिपूर्ण भएको जीवन
मलाई किन केवल दुःख लाग्दछ?

हाँस्नु अनि रूनु पलहरुको जीवन
पाउनु अनि गुमाउनु क्षणहरुको जीवन
मलाई किन आँशुले भरिएको सागर लाग्दछ?

प्रकृतिको एक उत्तम वरदान जीवन
धनी अनि गरीबको भेद गराउने जीवन
मलाई किन गरिबीको सर्पले डसेझैं लाग्दछ?

१४. नाङ्गो नाच

विना वस्त्र आज तिमी एक नाङ्गो
सँधै देख्छु महंगा वस्त्रधारी त्यँहा नाङ्गो ।

नचाउनेले नचाईरहेछ बजाउनेले बजाईरहेछ
यँहा त सँधैं नाङ्गो नाच प्रदर्शन भईरहेछ ।।

न लज्जा छ, न शिर कहिल्यै ठाडो, मन कालो
आमा लुटी सन्तान ढाँटी सत्ता आलो पालो।।।

१५. हृदयको एउटा कुनामा

चित्र र ढुङ्गाका ईश्वरमा केबल आस्था पाएँ
मैले त ईश्वर म, तिमी, तिनी, उनी सबमा पाएँ

ति क्षणहरु सम्झन्छु ईश्वर मैले भेटेको
ति पलहरु सम्झन्छु मैले जिवनमा भोगेको

म जात वर्ग धर्म अनि समाजबाट अलग छैन
म मानव हूँ त्यो सत्यबाट अल्मलिएको छैन

मैले ईश्वर मेरो हृदयको एउटा कुनामा पाए
मैले ईश्वर तिम्रो हृदयको एउटा कुनामा पाए।

१६. सबको तन मनमा तिमी

तिमी कोहिबाट नरुचाएकी
सबै ढोका बन्द गरी बसे
खै कति मनु प्रिय तिमी
सबको तन मनमा तिमी
सबको तन मनमा तिमी ।

न कुनै रंग अनि रुप आकार
यत्रतत्र केबल बोलेकी छौ धावा
यो रणभूमिमा एकदिन पराजित हुनेछौँ
सबको तन मनमा तिमी
सबको तन मनमा तिमी ।।

तिम्रा स्पर्स महसुस हुन्न
मनु देह भित्र एकल राज गर्छौ
विकार तिमी फालिने छौ
सबको तन मनमा तिमी
सबको तन मनमा तिमी ।।।

१७. एक सान्दार अभिनेता

सरकार चलाउन जेल बस्नु पर्छ
सरकार चलाउन संबिधान जलाउनु पर्छ

सरकार चलाउन भाषण गर्न जान्नू पर्छ
सरकार चलाउन देश खोक्रो बनाऊनु पर्छ

सरकार चलाउन गणितको समिकरण जान्नू पर्छ
हो तिमी नेता हौँ एक सान्दार अभिनेता।

सरकार चलाउन युवा विदेश पठाउनु पर्छ
सरकार चलाउन गुन्डा दाहिने राख्नू पर्छ

सरकार चलाउन राजनितीक भागबन्डा मिलाउनु पर्छ
सरकार चलाउन झुटो देशभक्ति दर्साउँनु पर्छ

सरकार चलाउन शिक्षा स्वास्थ्य बिगार्नु पर्छ
हो तिमी नेता हौँ एक सान्दार अभिनेता।।

१८. म लेख्छु मेरा शब्दहरु

म लेख्छु अनि मेरा शब्दहरु तिमी पढ्नु
शब्दहरुमा मलाई खोज्नु, हरफहरुमा मलाई केलाउनु

अनि फेरी सफेद कागजमा मलाई उतार्नु
शब्द शब्द उतार्नु, हरफ हरफ उतार्नु

ती शब्दहरुमा सबंध हुनसक्छ
ती हरफहरुमा जीवन हुनसक्छ

त्यसैले

म लेख्छु अनि मेरा शब्दहरु तिमी पढ्नु !!!

१९. जीवन हारेर हैन लडेर जिउछु म

जीवन हारेर हैन लडेर जिउछु म
आंशु बगाएर हैन हासेर जिउछु म

सबंध बिगारेर हैन बनाएर जिउछु म
बाच्नको लागि हैन बचाउनको लागि जिउछु म !!!

२०. तिमीमा पनि छ, ममा पनि छ

तिमी दोष नदेऊ, दोष तिमीमा पनि छ
दोषलाई बुझ, यसको फराकिलोपन कति छ भनेर
गुण तिमीमा पनि छ, गुण ममा पनि छ ।

तिमी चोट नदेऊ, चोट तिमीमा पनि छ
चोटलाई बुझ, यसको गहिराई कति छ भनेर
खुशी तिमीमा पनि छ, खुशी ममा पनि छ ।।

तिमी आँशु नदेऊ, आँशु तिमीमा पनि छ
आँशुलाई बुझ, यसको वहाव कति छ भनेर
मुस्कान तिमीमा पनि छ, मुस्कान ममा पनि छ ।

तिमी तिरस्कार नदेऊ, तिरस्कार तिमीमा पनि छ
तिरस्कारलाई बुझ, यसको घोचाई कस्तो छ भनेर
सम्मान तिमीमा पनि छ, सम्मान ममा पनि छ ।।

२१. निन्द्रा

केवल आँखाहरु बन्द मात्र थिए
सायद निन्द्रालाई खोज्दै थिए।

अनि शरीर कोल्टे फेर्दै थियो
सायद मन मस्तिष्कमा आंधी चल्दै थियो।।

अझै मुडो झैं लडिरहयो श्वास फेर्दै
सायद त्यो उज्यालो किरण आश गर्दै।।।

ब्युझिएर संसारतिर फर्की मिसिक्क हास्छ
सायद मुस्कानले नै संसार चल्छ।।।।

२२. वास्तविकता

अल्झिएको संसारमा कतै तिमी पनि अल्झियौकि
संसारिक खुशीसंग त्यसै त्यसै आफैमा जल्यौकि

जानी नजानी शब्दका बाण धनुबाट छुटेकी
तिम्रा प्रहारले तिमीलाई एकलै कतै बनायोकी

पानीका थोपहरुले अझ जलाउन सक्ला
घमण्डको तापले अझ डढाउन सक्ला

जीवनका यथार्थ सरल छ केवल मनन गरे
विचार र ब्यबहार स्वस्थ छ केवल अठोट गरे

जहाँ जे जस्तो छ त्यो संसार हो
रमाउनु अनि सजाउनु जीवन हो

२३. चित्र र पाठक

जीवन घोत्लिएर हेर, यो त एउटा सादा पाना न हो
रंगहरु तिम्ले पोतेका छौ, पोतिरहेछौ र पोत्ने छौ
तिमी त आफैंमा एउटा सुन्दर चित्रकार हौं । (२)

केवल समयसंगै रंगहरु मिलाएर त हेर
त्यो सादा पानामा तिमि एउटा चित्र कोर्दै छौं
त्यो सादा पानामा तिमि एउटा कथा लेख्दै छौं ।

कसैले त्यसलाई हेर्ने छ अनि पढ्ने छ (२)
सायद कमैले त्यसलाई बुझ्ने छ
रंग र आकृतिमाँझ तिमीलाई खोज्ने छ।

आफ्नो वरपर कतै सजाउने छ
तिमीलाई आफैंमा एउटा नँया व्यख्या गर्नेछ
तिमीलाई नै हेरी जीवनका नंया रंगहरु भर्नेछ। (२)

२४. अन्धोको पनि आँखा

अन्धोको पनि आँखा, हृदयको कुनामा हुन्छ
वास्तविक संसार त, केवल उसको नसिबमा हुन्छ

हामीमा त फगत, सजावटी संसारको चर्चा हुन्छ
जुन हर कोहीको स्वार्थले, जेलिएको हुन्छ

२५. रणभूमि र शान्ति

नैतिकता बिर्सियो, शक्ति सत्ताको घमण्ड गर्छन्
बन्दुक गोला बारूदले, कति नर संहार गर्छन्

कुन भगवानको कुरा तिमी गर्दछौँ, कता पो छन्
यँहा धर्म अनेक, ईश्वर अनेक भेटिन्छन्

लाग्दैन कृष्ण, बुद्ध, जिसस फेरि जन्मने छन्
बनिरहेको यो रणभूमिमा, फेरि शान्ति छर्ने छन्

२६. युग बदलिन्छ

समयसँगै युग बदलिन्छ
मन, विचार, र अवस्था बदलिन्छ
सम्बन्ध, एक्लोपन, र आत्मियता बदलिन्छ ।

बदलिन्छ

ती कोमल छाला चाउरिन्छ
काला केश सेता हुन्छन्
बामे सर्ने लौरी टेक्छन् ।।

बदलिँदैन त केवल, सत्य
मात्र खोज्ने तरीका बदलिन्छ ।।।

२७. परिवर्तन हेर्न शहर हैन, गाउँ जाउँ तिमी

परिवर्तन हेर्न शहर हैन, गाउँ जाउँ तिमी
ती बूढा बा आमालाई सोध, खै त छोरा छोरी भनी

ती कलिला केटा केटीलाई सोध, खै त बुवा आमा भनी
ती एक दुई किसानलाई सोध, किन हँ खेत बाँझो भनी

ती एक दुई वयस्कलाई सोध, दिन के कसरी काट्छौं भनी
परिवर्तन हेर्न शहर हैन, गाउँ जाउँ तिमी

२८. म जीवन जिउँदै छु

मलाई विछ्यौनामा, प्रियसँग अंगालिन मन छ
छाला चाउरीएका कपाल फुलेका, बा-आमासँग बस्न मन छ

निश्चल हृदयका धनी, साना केटाकेटीसँग खेल्न मन छ
चिया पसलमा बात मार्दै, साथीभाईसँग बरालिन मन छ

आफन्त भेटघाटमा, सन्चो बिसन्चो भन्न मन छ
जन्मेको माटोमा, पसिनाका थोपा चुहाउन मन छ

मन भित्रका सपनालाई, विपनामा बदल्ने मन छ
गुरु वर्गसँग, अझै धेरै कुरा सिक्न मन छ

खै!
पढाईमा कमजोर भएर हो कि, शिक्षा नीति असान्दर्भिक भएर हो
सीप नभएर हो कि, शैक्षिक विधि समय सुहाउँदो नभएर हो

अयोग्य भएर हो कि, राज्यले रोजगारी दिन नसकेर हो
विवेकी नभएर हो कि, असल नेता नपाएर हो

मौलिकता भुलेर हो कि, आयातित नै सत्य लागेर हो

हो,
आज म समुन्द्र पारी, जन्मिएको ठाँउबाट टाढा छु
परिवार साथीभाई ईष्टमित्र, भन्दा टाढा छु

आँशुले मनको तिर्खा बुझाएको छु
सामाजिक सञ्जालका तस्वीरहरुमा रमाएको छु

एक्लोपन वाध्यता जिम्मेवारीमा विद्यावारिधि गर्दै छु

तैपनि
हरेक क्षण मृत्युलाई जित्न पाउँदा म जीवन जिउँदै छु।

२९. मैले पढेका किताबहरू

म किताब पढ्छु,
असंख्य पाना पल्टाएको छु,
थुप्रै कथा, जीवनका अध्याय पढेको छु,
थुप्रै प्रेम, वियोग, सम्बन्धका रंगहरू अनुभूत गरेको छु,
संघर्ष र सफलताका कथा आत्मसात् गरेको छु।

किताबका पानामा,
सत्यका सुगन्ध भेटेको छु,
तथ्यका मूल र विचारका धार पाएको छु,
सिद्धान्तका गहिराइमा डुबेको छु,
कहिलेकाहीँ भ्रम, स्वार्थ र लोभका छाया पनि देखेको छु।

शब्दहरूको वनमा,
जीवनको यथार्थ फुलिरहेको देखेको छु,
समाजको ऐना प्रतिबिम्बित भएको पाएको छु,
असंख्य पात्र र घटनाहरूको रङ्गमञ्चमा डुबेको छु,
भाष्यले जन्माएका संसारहरूमा यात्रा गरेको छु।

हरेक विराममा,
विश्वका भूगोल घुमेको छु,
इतिहासको नाडी छोएको छु,
साहित्यका सपनाहरूमा बाँचेको छु,
विज्ञानका चमत्कारहरूमा अचम्मित भएको छु।

यी किताबका पानाहरूले,
मभित्र सोच्ने दृष्टि जगाओस्,
मानवभित्र प्रेम र एकताको बीज रोपियोस्,
कर्म र इमान्दारीको मूल सिँचाइ होस्,
विश्वभर शान्ति र खुशीको फूल फुलोस्।

२०८२

३०. म मौन छु केवल, अचेत होइन

म मौन छु
प्रश्नहरू नभएका होइनन्
जिज्ञासाहरु नउब्जेका होइनन्

आवाज छ
बन्दुकको गोलीझै प्रश्न सोध्न सक्छु
घाउको मलम्झै उत्तर दिन सक्छु

दृष्टि छ
डाँडा पारिको सुन्दर दृश्य देख्न सक्छु
अन्धकारमा भएकालाई उज्यालो तर्फ डोर्याउन सक्छु

सामर्थ्य छ
बदलिँदो समाज एकताको डोरीले हाक्न सक्छु
मानव मानव वीचको दूरी विचारले जोड्न सक्छु

तर पनि म मौन छु
यँहा सच्चिने भन्दा बढी बिक्ने धेरै छन्
नबुझ्ने भन्दा बढी नबुझे झैं गर्ने धेरै छन्

यसैले म मौन छु
परिवर्तन खोज्ने भन्दा यथास्थितिमा रमाउने धेरै छन्
कारण अकारण दबिएका आवाज धेरै छन्

मेरो मौनता
मलाई थाहा छ विशाल शक्ति सञ्चय गर्दै छ
मौनताको विशाल ज्वारभाटा विष्फोटको पर्खाइमा छ

न रोक्नु त्यतिबेला
आगोका मूलहरू फुट्ने छन् हर घर बस्तीबाट
अवस्था व्यवस्था सब परिवर्तन हुन्छन् हाम्रो एकताबाट

म मौन छु केवल, अचेत होइन।

२०८२

३१. एक सिक्काका, दुई पाटा

म पहाडको उचाइमा बसेर

शहर हेर्छु,
कता कता साना थोप्ला जस्ता हरियोपन,
अनि विशाल कँक्रिटको जङ्गल,
तुवाँलो लागेको जस्तो मधुरोपन।

म विपरीत दिशातर्फ फर्कन्छु

खुलेर हाँसिरहेका हिमालहरू,
बादलसँग लुकामारी खेल्दै,
चिसो हावाको स्पर्ष -
शीतलताको अर्कै न्यानोपन।

त्यो शहर

बस्ती नजिक बग्ने खोला,
कालो, दुर्गन्धित, - “ढलमती” भन्छन्,
हिमाल पहाड छोएर आउन हावा,
हिँड्दा–बस्दा लगाउनुपर्छ मुखमा पहिरन।

दोषी हो को

सरकार की जनता ?
दुवै एक सिक्काका, दुई पाटा
हातेमालो गरौँन, अब साथ-साथ
सुन्दरता साझा, हामी एक भईकन ।

२०८२

३२. अविरल म

मुहानबाट
निस्वार्थ अविरल
म आफ्नै बाटो बगिरहन्छु
कल-कल झर-झर, नाँच्दै गाउँदै
वन पाखा, मैदान, गाउँ, शहर घुम्दै।

सुरुवात छ
निरन्तर यात्रा
म आफ्नै बाटो बगिरहन्छु
सभ्यताहरु, जन्माउँदै हुर्काउँदै
ईतिहासमा अध्यायहरु कोर्दै।

निस्वार्थ
न जाल न झेल
म आफ्नै बाटो बगिरहन्छु
जीव वनस्पति, हर प्राणको मित्र बन्दै
विश्व अस्तित्वको जिवन्त साक्षी बस्दै।

२०८२

३३. एक्लो यात्री र जनमतको मञ्च

एक्लैको यात्रा

केही पर अवश्य पुगिएला
गन्तव्यमा पनि पुगिएला
आवाज पनि होला दबिएको
बोलिने मञ्च पनि होला जनमतको ।

एउटा ईटले मात्र

सबल आकृति दिन सकिँदैन
पर्खाल यसै भत्काउन सकिँदैन
टुक्रिएकाहरुले शासन कहिल्यै गर्दैनन्
एक्लै हिँड्नेहरु भीडमा भेटिने गर्दैनन् ।

चाहन्छौ परिवर्तन?

विचार बोकी एक्लो यात्रा शुरु गर
यात्रामा हिँडेकासँग एकताको पहल गर
ईट ईट मिलाई बलियो पर्खालको बनाऊ
मञ्चबाट आवाज बुलन्द बनाऊ ।

२०८२

३४. एउटा लेखापाल

लेखाका सर्वमान्य सिद्धान्तहरू
डेबिट क्रेडिटका सुनौला नियमहरू।

हरेक कारोबारका श्रोत र भौचरहरु
भिन्न भिन्न खाता र प्रविष्टहरु।

दाँया बाँया बराबर हिसाब मिलेका
ट्रायल ब्यालेन्स बराबर भएका।

आम्दानी खर्च एक अवधिको भयो कति
नाफा - नोक्सान, कर तिर्ने भयो कति।

लिनु र दिनु कति, कुनै एकदिनको हिसाब हेरी
पूँजी, दायित्व, सम्पत्तिको अवस्था कस्तो छ फेरी।

नगद प्रवाह एक अवधिको भयो कसरी
सञ्चालन, वित्त, लगानीमा प्रवाह भयो जसरी।

चलिरहन्छ चक्र लेखाको हरेक साल
आँट, धैर्य र इमानले
राखिरहन्छ हिसाब किताब सदा एउटा लेखापाल।

२०८२

३५. सपनाको मनोरम यात्रा

विपना भन्दा सपना मीठो लाग्छ
बिम्झिन भन्दा निदाउन मन लाग्छ।

र त्यसैले,

सुन्दर हिमालहरूले मलाई नियालिरहे झैँ लाग्छ
अनि शितल हावाले पूर्ण स्पर्श गरे झैँ लाग्छ।

झरनाको पानीले मलाई भिजाई रहन्छ
खोलाको कल कल आवाज कानमा गुन्जि रहन्छ।

चकमन्न जङ्गलको यात्रामा म हराउँछु
लालीगुराँस अनेक फूल र फलमा रमाउँछु।

चराहरूले मिठो गीत गुन गुनाएको सुन्छु
गाउँ पाखा देउराली भञ्ज्याङ नाचेको देख्छु।

भाषा संस्कृति भेषभुषा संस्कार भेटिन्छन्
इतिहास सभ्यता र मानवता बोल्दछन्।

जीवनको हरेक रङ्गसँग भेट भइरहन्छ
हरेक सपनाले आफ्नो अर्थ खोजी रहन्छ।

सांसारिक व्यस्तताको यो गोलचक्करमा घुमिरहेछ
मिठो सपनामा प्रकृतिको मनोरम यात्रा चलिरहेछ।

२०८२

३६. जीवनको शाश्वत सत्य

अमर त सत्कर्म हो, शरीर नाशवान
सुन्दर त विचार हो, रूप बाहिरीपन।

अन्तर्दृष्टीले ब्रह्माण्ड देख्छ, आँखाले वरिपरी
बैरी मित्र मनमा खेल्छ, जीव जगत सर्वोपरी।

न थियो, न छ आज, न भोलि रहन्छ
अस्थायी हो सब, चक्र घुमिरहन्छ।

न नाश अमूल्य जीवन, चोला एक बारको
उपहार बाँड खुशीको, होइन बजारको

छैन दुःख त, साथको लिन्छौं अनुभूति कसरी
समतामा समाज हुर्किन्छ मौल्याउँछ जसरी।

लडाई त हर युगमा चलेकै छ, अस्तित्वको
विजय त सधैँ एउटै हुन्छ, सत्य र धर्मको।

२०८२

३७. पराजयको प्रार्थना

म पराजय चाहन्छु,
मृत्यु युद्ध चाहन्छ।

म थाकेर असाहय हुन्छु,
मृत्यु आफ्नो शक्ति देखाउँछ।

आशाको दियो धेरै पल्ट जलाएँ,
हावाको वेगले बल्नै दिएन।

वरदानको ढोका धेरै धकधकाएँ,
भगवान ध्यानबाट उठ्दै उठेनन्।

जीवन माग्नेहरु धेरै देखें,
म मृत्यु मागिरहें।

बाँच्ने रहर गर्नेहरु देखें,
म मृत्यु शैया रोजिरहें।

म लडिरहें, थाकिरहें...
पराजय र मृत्यु मागिरहें।

२०८२

३८. जन्मदिनको शुभकामना तिमीलाई

जन्मदिनको शुभकामना तिमीलाई
र धन्यवाद,
जन्मदिने पूज्य बा–आमालाई,
हुर्काउने पौरखी हातहरूलाई,
ज्ञानका मुहान खोलिदिने गुरुहरूलाई,
कर्मशील बनाउँदै लगेका जिम्मेवारीहरूलाई।

जन्मदिनको शुभकामना तिमीलाई
र आभार,
जीवनका सुनौलामय अध्याय कोर्ने साथहरूलाई,
सुख–दुःखका साक्षी बनेका ती क्षणहरूलाई,
लड्दै–उठ्दै अघि बढेका यात्राहरूलाई,
हाँसो र रोदन साटिएका अमूल्य पलहरूलाई।

जन्मदिनको शुभकामना तिमीलाई
र कामना,
स्वस्थ, सबल, दिर्घायु र खुसी जीवनको,
जीवनका प्रत्येक संघर्षमा विजयको,
शान्त, सुन्दर र मानवीय कदमहरूको,
सफल कर्म–यात्रामा उभिने पात्रताको।

जन्मदिनको शुभकामना तिमीलाई
फेरि पनि,
मैले बटुलेर ल्याएका हृदयका शब्दहरूको,
मैले मानेका इष्टदेवका प्रत्येक प्रार्थनाको,
हाम्रा विश्वास, साथ र सम्बन्धहरूको,
अबको सुनौलो यात्रालाई साथ दिने पाइलाहरुको।

२०८२

३९. नेता जित्छन्, जनता हार्छन्

आयो है आयो पर्व चुनावको
भारी छुट सहित सपनाको

हर प्रतिस्पर्धाको हुन्छ मूल्य
एक एक भोट हुन्छ अमूल्य

बहुदलमा धेरै छन् है दलहरु
नेता सांसद मन्त्री बन्ने रहरहरु

सिद्धान्त त मात्र एक शब्द न हो
भोग चलन त पहुँच हुनेका न हो

जितेरै जित्छन् नेताहरु
हारेर नै जित्छन् नेताहरु

जितेरै हार्छन जनताहरू
हारेर नै हार्छन जनताहरू

परनिर्भर तीतो सत्य बाँचिरहेछ
आत्मनिर्भरको नारा लागिरहेछ

नाचघरको मञ्चन, स्वदेशी कला
कथाका शब्दमा परदेशी गला

एकता विकास समृद्धि गूंजिरहन्छ
स्वाभिमान यत्रतत्र बिकिरहन्छ

२०८२

४०. अस्तित्वको परिभाषा

मेरो अस्तित्व
प्रेम, मिलन र प्रकृतिको नियम थियो
अनि तिम्रो सबैको पनि मेरो जस्तै।

मेरो हुर्काइ
परिवार, समाज र समय साक्षी थियो
म तिम्रो अनि तिमी मेरो भए जस्तै।

मेरो जीवन
कर्म, भाग्य र भोगाईको कथा थियो
कतै मैले कतै तिमीले लेखे कोरे जस्तै।

मेरो विचार
स्वतन्त्र, खुल्ला र फराकिलो मैदान आकाश थियो
म, तिमी, हामी सबै अट्ने फूलबारी जस्तै।

मेरो यात्रा
दूर, स्पष्ट र छर्लङ्ग गन्तव्य एक थियो
म सँगैको यात्री तिमी भए जस्तै।

मेरो मरण
अमर, सम्मान र वीरको बलिदान थियो
तिमी र उनले पुस्तौं पुस्ता सम्झे जस्तै।

२०८२

४१. आवरण

किताबको गाताले पूरा कथा भन्दैन,
शब्द शब्दमा कथा बुनिएका छन् ।
पात्र र कहानीको सिङ्गो यात्रामा,
पाना पानामा उकाली र ओराली छन् ।

जति शब्दहरूमा भावना साटिन्छ,
शक्ति र कमजोरीका गुटहरू जन्मन्छन् ।
यथार्थ नै त्यो तिखो भाला हो,
जुन सिधा मुटु माझमा बजारिन्छ ।

किताब त्यही हो, कथा त्यही,
पाठकले लेखक होइन पात्र बुझ्दछन् ।
कोही खुसीको यात्रामा हिँड्छन्,
कोही निराशाको गुफामा बस्दछन् ।

अन्धकारमा आरोपहरू लागिरहँदा,
मुख नमिलेका कयौँ मुद्दा बन्छन् ।
कहिलेकाहीँ फैसलाले हेर्ने प्रमाण,
सत्य भन्दा कोसौँ कोस टाढा हुन्छन् ।

२०८२

४२. दुई कप कफी

सधैँ यसरी भेटघाट हुँदैन
सँगै बसी कफी पिउने साइत जुर्दैन।

क्याफेको एउटा टेबलमा सँगै बसेर
दुई कप कफी अर्डर गर्ने मौका मिल्दैन।

बिना सुगरको अमेरिकानो सिंगल सट
धेरैपछिको भेटघाटमा कति मीठो भा'को।

रित्तिन आँटेको कप हातमा समाइरहँदा
भूत, वर्तमान र भविष्य एकैछिनमा गा'को।

आउँदैन समय फर्केर, जो सुन्दर थियो
कहिले फेरि भेटिएला यस्तै भाग्य जुरेर।

ठिकै छ, अर्को भेटमा पालो मलाई दिनु
यस पटक बिल तिर्यौं आफैँ अघि सरेर।

छुटौँ है साथी अब, ढिला पनि भयो
आ-आफ्नै छन् यहाँ काम र व्यस्तता।

कल, मेसेज र सम्झना भइ नै रहोस्
यहीँ नै हो मित्रताको न्यानो निरन्तरता।

२०८२

४३. सडकदेखि सम्मानसम्म

जाडो गाको छैन, सडकमा टायर बाले हुन्छ
रात परिसक्यो, मसाल लिएर दगुरे हुन्छ

सडक सानो छ, दायाँ बायाँका बार भत्काए हुन्छ
ढुङ्गाले सिसामा छन्द मिलाई, धुन बजाए हुन्छ

गोर्खाली छाती हो, रातामय चित्र कोरे हुन्छ
शिकारी भए झैं, भीडमा दुई चार निशाना लाए हुन्छ

कुर्सीका भोकाहरु, बुटले कीरा फट्याङ्ग्रा कुल्चिए हुन्छ
कागजका काला अक्षर, आफू बाहेक सबलाई लादे हुन्छ

लामो यात्राको टिकट भए, निडर भई हिड्दा हुन्छ
जङ्गल पहाड, अप्ठ्यारो सबै हटाउँदै पछ्याए हुन्छ

चुँडिएको डोरी नहराए, मोती माला बुने हुन्छ
आमाको गलामा, सम्मानले फेरी सजाई दिए हुन्छ

सन्तोष तण्डुकार, २०८२

४४. परिवर्तनको छाँयामा

पटकाहरू तिहारमा पड्किए,
कुकुरहरू बेसरी तर्सिए।
कोही कता यताउता
मुन्टो घुसारेर लुके,
पुच्छर हल्लाएर लुके,
चुपचाप मौन भएर लुके।

पटकाको आवाजमा,
आगोको झिल्कामा,
चेतनशील भन्नेहरू
कोही कता यताउता
आफैंमा रमाइरहे,
आफैंमा हराइरहे।

शक्ति र सत्ताको भिटामिनले
पोषित भएकाहरू
ईश्वर पूज्य ठान्छन्।
कोही कता यताउता
शासन चलाई रहन्छन्,
सर्वशक्तिमान मानी रहन्छन्।

हिजो, आज, भोलि
परिवर्तनशील छ,
मन-मस्तिष्क गतिशील छ।
कोही कता यताउता
हुनु नहुनुको गर्व छ,
पूर्ण हुनुको दम्भ छ।

एकाध बुझ्नेहरू—
विश्लेषक, विचारक, शुभचिन्तक
एउटा झुण्ड कराई रहन्छ।
कोही कता यताउता
दुहुनो सोझो पार्छन्,
गला सुकाइरहन्छन्।

सन्तोष तण्डुकार, २०८३



धन्यवाद !

Online PDF Version | www.santoshtandukar.com.np